# आन्तरिक राजस्व विभागको विज्ञप्ति

आज प्रकाशित केही सञ्चार माध्यममा यस विभागसंग सम्बन्धित समाचारप्रति विभागको गम्भीर ध्यानाकर्षण भएको छ। विभागको एकिकृत कर प्रणालीमा करदाता आफैंले वा कर अधिकृतमार्फत User Name/ Password तयार गर्ने व्यवस्था रहेको छ। उक्त युजरको Password परिवर्तन गर्ने तथा सुरक्षित राख्ने जिम्मेवारी पूर्णरुपमा निज करदाताकै हुने व्यवस्था छ। समाचारमा उल्लेख भएजस्तो यस विभागको प्रणालीभित्र छिरेर नभई अनधिकृत व्यक्तिले करदाताको User Name/ Password प्रयोग गरेर एक करदाताको मु.अ.कर तर्फको विवरण गलत प्रविष्टि गरेको व्यहोरा यस विभागलाई जानकारी प्राप्त हुनसाथ सो सम्बन्धमा विभागबाट छानविन प्रारम्भ गरिएको र थप कार्वाहीको लागि सम्बन्धित निकायमा लेखि पठाएको आधारमा अनुसन्धान भईरहेको छ। अतः यस विभागको एकिकृत कर प्रणालीमा रहेका सबै करदाताका तथ्यांक, विवरण तथा अभिलेखहरु पूर्ण रुपमा सुरक्षित रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो विज्ञप्ति जारी गरिएको छ ।